## आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०७ नोभेम्बर २०२३

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

**१.** चार दिने छठ पर्व देशका विभिन्न भागमा धार्मिक हर्षोल्लासका साथ मनाइँदैछ। प्रधानमन्त्रि नरेन्द्र मोदी, उपरास्ट्रपति जगदिप धनखडले देशबासीलाई शुभकामना दिनु भएको छ|

**२.** जीटिए क्षेत्रको दार्जीलिंग, कालेबूंग, खर्साङ अनि मिरिक लगायत तराई डुवर्समा आज छट पर्व धुमधामका साथ पालन गरिंदैछ| सांसद राजु बिष्टले क्षेत्रमा आध्यात्मिक उन्नतिए सु स्वास्थ र शुख प्रदान गरोस भन्ने छटी मैयासित कामना गर्नुभयो।

**३.** पश्चिम बङ्गाल राज्यका धैरै सरकारी कार्यालय र नगरपालिकाहरूले समयमै बिजुलीको बिल तिर्न नसकेपछि राज्य विद्युत वितरण कम्पनीले अब 'प्रिपेड मिटर' जडान गर्ने निर्णय गरेको छ।

**४.** पहाडको नगरपालिकाहरुमा चुनाव झट्ट गराउनु पर्ने माग भारतीय जनता पार्टीले राखेको छ।

**छठ पूजा -**

चार दिने पर्व छठ देशका विभिन्न भागमा धार्मिक हर्षोल्लासका साथ मनाइँदैछ। आज तेस्रो दिन ३६ घण्टे व्रत बसेका भक्तजनले साँझ अस्ताउँदो सूर्यलाई अर्घ प्रदान बगरेको छ।

****** ० ******

**च्ड.छठको शुभकामना**

प्रधानमन्त्री नरेन्द्र मोदीले छठ पर्वको तेस्रो दिन आज देशबासीलाई शुभकामना दिनु भएको छ। एक सामाजिक सञ्जाल पोस्टमाए श्री मोदीले छठ पर्व सादगीए संयमए दृढ संकल्प र समर्पणको प्रतीक भएको बताउनु भएको छ। साथै यस पर्वले सबैको जीवनमा सुखए समृद्धि र समृद्धि ल्याओस् भन्ने कामना पनि उहाँले गर्नुभएको छ|

****** ० ******

**उपराष्ट्रपति - छठ पूजा**

उपराष्ट्रपति जगदीप धनखडले छठ पूजाको अवसरमा देशवासिलाई बधाई दिनु भएको छ। एक सोशल मीडिया पोस्टको मार्फत उपराष्ट्रपतिले छठको पर्व सबैका लागि समृद्धि अनि आशीष लिएर आउने कामना गर्नु भयो| उपराष्ट्रपतिले सूर्य देवको उपासना यस पर्वलाई शाश्वत परंपराको उत्सव अनि प्रकृतिसित हाम्रो प्रगाढ सम्बन्धको प्रतीक बताउनु भयो। श्री धनखडले छठी मईयाको आशीर्वादले देशको प्रगति अनि समृद्धि तर्फ मार्गदर्शन गर्ने बताउनु भयो।

****** ० ******

**पश्चिम बंगल- छट**

लोक आस्थाको महान पर्व छठ पर्वको आज तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ दिइँदैछ । बिहारए उत्तर प्रदेश र झारखण्डको तुलनामा पश्चिम बंगालमा छठ पूजामा कम उत्साह छैन। किनभने राज्यको अधिकांश भाग गंगा नदीको किनार र अन्य साना-ठूला नदी र पोखरीहरूले घेरिएको छ। छठीमैया र सूर्यदेवको पूजा गर्न यी जलस्रोतको किनारमा लाखौं मानिस भेला हुन्छन्। त्यसैले पश्चिम बंगाल सरकारले विशेष व्यवस्था गरेको छ । सबै गंगा घाटहरू सफा गरिसकिएको छ। दुर्घटना नहोस् भन्नका लागि थप संख्यामा पुलिस तैनाथ गरिएको छ र घाटमा निरन्तर माइकिङको व्यवस्था गरिएको छ ।मुख्यमन्त्री ममता बनर्जी कोलकाताको दाइ घाटमा छठ पर्वमा जाने कार्यक्रम छ ।

****** ० ******

**पहाड छट पर्व**

जीटिए क्षेत्रको दार्जीलिंग, कालेबूंग, खर्साङ अनि मिरिक लगायत तराई डुवर्समा आज छट पर्व धुमधामका साथ पालन गरिंदैछ| दार्जीलिङको ठाकुरबाडी तथा जिडिएनएस मैदानमा हजारौको संख्यामा श्रद्धालुहरुले अस्ताउदै गरेको सुर्य भगवानलाई अर्घ प्रदान गरे। कालेबुङको मेलाटारमा बिशाल रुपमा हजारौ संख्यामा श्रद्धालुहरुले घाट बनाएर पुजा शुरु गरेए यहाँ आज साँझ पाँच बजेर पन्ध्र मिनटमा अस्ताउदै गरेको सूर्यलाई अर्घ प्रदान गरे। सिलगढीको महानन्द नदीका दुवै किनारमा लगभग चार कि मि लामो सय करोडौ छट घाटहरुलाई आजको पहिलो दिनको छट पुजाका लागि सजाइएको थियो र यहाँ लगभग 50 हजारभन्दा बढी श्रद्धालुहरुले सुर्य उपासनाका साथ साँझको अर्घ प्रदान गरे। यसै छट पुजाको अवसरमा दार्जिलिङ लोकसभा सांसद राजु बिष्टले फासीदेवाको खोरीबारीमा हजारौ श्रद्धालुहरुका साथ छट पुजामा सामेल भए। यस अवसरमा उपस्थित श्रद्धालुलाई सम्बोधन गर्दै यस पर्वले दार्जीलिङ लोकसभा क्षेत्रमा आध्यात्मिक उन्नति, सु स्वास्थ र शुख प्रदान गरोस भन्ने छटी मैयासित कामना गर्नुभयो। उहाँले बुढागंजए चक्करमारीए भजनपुरमा आयोजित छट पुजामा सहभागिता जनाउनु भयो। यसैगरी जिटिए सभाका प्रमुख अनित थापाले क्षेत्रका मानिसहरुलाई शुभकामना दिनुभयो। खर्साङको राम मन्दिरए सोनादाए तिन सुकियाए मिरिकए टिस्टाए मालबजार, पेदोङ, अलगढा, लाभा लगायत डुवर्सको अधिकांश भागहरुमा छट पर्व पालन गरिएको समाचार प्राप्त भएको छ। आस्थाको यो महा पर्व भोलि बिहान उदाँउदै गरेको सूर्यलाई अर्घ सम्पन्न हुनेछ। भोलि बिहानको अर्घपछि बढी संख्यामा बिवाहित महिलाहरुले एकार्कालाई सिन्दुरको टिको लगाई पतिहरुको दिर्घायु, सु स्वास्थ्य अनि सम्बृद्धिको कामना गर्दै छटको प्रसाद वितरण गर्ने गर्छन् ।

****** ० ******

**मिरिकमा छट**

यसै गरी मिरिकमा पनि श्रद्धा अनि भक्तिका े साथमा भव्य रूपमा छठ पूजा पालन गरिंदै छ। मिरिक झील परिसरमा आयोजित छठ पूजा आयाजक समितिका रितेस गुप्तले अधिकांश उत्तरपूर्वी भारतका बासिन्दाहरुद्वारा मनाइने छठ पूजा मिरिकमा यो पर्व सूर्य देव र प्रकृतिलाई आजसम्म जे जस्तो कल्याण गर्नु गरेकोमा धन्यवाद दिंदै आउने दिनहरुमा विश्व भरी सुख शान्ति समृद्धि छाओस् भनि कामना गरिने बताउनु उहाँले मिरिकमा पालन गरिएको छठ पूजामा बिहारी समुदायको मात्र नभएर अन्य समुदायका मानिसहरू पनि सहभागी भएर आपसी एकता, मित्रताको परिचय दिएको समेत बताउनु भयो।

****** ० ******

**भारतीय रेलवे - विशेष ट्रेनहरू**

भारतीय रेलवेले चाडपर्वको अवसरमा यात्रुहरूको सुविधाका लागि भोलिदेखि १६४ विशेष ट्रेनहरू चलाउनेछ। यसबाट चाडपर्व मनाएर आआफ्नो घर जानेलाई फाइदा हुनेछ । आगामी तीन दिन करिब ४ सय ७६ रेल

चलाउने योजना रहेको छ । उत्तरी रेलवेले दिल्लीए हरियाणाए उत्तर प्रदेशए पञ्जाबए उत्तराखण्ड र जम्मू कश्मीरका विभिन्न स्टेशनहरूबाट देशका विभिन्न भागहरूमा करिब २० वटा रेलहरू चलाउनेछ। जसमा वाराणसीए प्रयागए छपराए गोरखपुर, दरभंगा, बरौनी र होडा पर्छन्।आकाशवाणी समाचारसँगको विशेष अन्तर्वार्तामा, उत्तरी रेलवेका प्रमुख जनसम्पर्क अधिकारी हिमांशु शेखर उपाध्यायले भन्नुभयो रेलवे विभागले रेलवे स्टेशनहरूबाट यात्रुहरूलाई सहज बाहिर निस्कन सुनिश्चित गर्न रेलवे सुरक्षा बलका कर्मचारी र स्वयंसेवकहरू तैनाथ गरेको छ।

****** ० ******

**पश्चिम बंगाल बिजुलीको बिल**

पश्चिम बङ्गाल राज्यका धेरै सरकारी कार्यालय र नगरपालिकाहरूले समयमै बिजुलीको बिल तिर्न नसकेपछि राज्य विद्युत वितरण कम्पनीले अब ‘प्रिपेड मिटर’ जडान गर्ने निर्णय गरेको छ । सरकारी कार्यालयमा लगभग एक हजार करोड रुपैयाँको बिजुलीको बिल तिर्न बाँकी रहेको बताइएको छ । यो समस्या समाधानका लागि राज्य सरकारले ‘पहिले भुक्तानीए त्यसपछि बिजुली’ को आधारमा प्रिपेड मिटर जडान गर्न निर्देशन दिएको छए जसमा नवन्ना पनि सहमत भएका छन् ।राज्यको वित्त विभागले भर्खरै एक सूचना जारी गर्दै सबै सरकारी कार्यालयहरूमा प्रिपेड मिटर जडान गर्न निर्देशन दिएको छ। यस अनुसार अब सरकारी कार्यालयले आफ्नो बिजुलीको मिटर मोबाइल फोन जस्तै रिचार्ज गर्नुपर्नेछ । जब पूर्व जम्मा गरिएको ब्यालेन्स समाप्त हुन्छ, बिजुली आपूर्ति स्वतः बन्द हुनेछ।वित्त विभागले २८ अक्टोबरमा जारी गरेको आदेशमा सबै सरकारी कार्यालयले आफ्नो मासिक विद्युत् खर्च अगावै रिचार्ज गर्नुपर्ने स्पष्ट पारेको छ । यसका लागि कोषबाट अग्रिम रकम पनि दिइनेछ ।

****** ० ******

**बीजेपीदार्जीलिङएम.पी**

दार्जीलिङका चिया श्रमिक संगठनहरूका नेताहरू पश्चिम बंगाल सरकार अनि चिया बगान मालिकहरूलाई लिएर रहल ४ प्रतिशत बोनसको समाधानका लागि हिजो कोलकातामा डाकिएको बैठकमा मालिक वर्ग उपस्थित नरहेकोमा दार्जीलिङका लोकसभा सांसद राजु विष्टले कड़ा आलोचना गर्नुभएको छ। उहाँले प्रेस विज्ञप्तीमा भन्नुभएको छ।- पश्चिम बंगाल सरकारको श्रम मंत्री मलय घटकले यो बैठक डाक्नु भएको हो तर बैठक शुरू भएको आधा घण्टा पछि चिया बगानका मालिक वर्गले तिहार र छठ पर्वको व्यस्तताले गर्दा बैठकमा सामेल नहुने पत्राचार गर्नुको तात्पय पश्चिम बंागल सरकारसित मालिक पक्ष पनि त्रस्त रहेको स्पष्ट बुझिन्छ।मालिक वर्गका समस्या रहेता पनि दार्जीलिङ बाट कोलकाता गएका श्रमिक संगठकनका नेताहरूलाई पूर्व सूचना दिइनु पर्ने थियो भन्ने राजु विष्टको भनाई छ। उहाँले हिजो बैठकमा मालिक पक्षको अनुपस्थितिले तथा राज्य सरकारको श्रमि मंत्रालयले ४ प्रतिशत बोनस समस्यको समधान गर्नु नस्क्नुको अर्को अर्थ हुन्छ चिया बगान मालिक पक्ष अनि श्रमिक वर्गको विश्वास अब राज्य सरकारमाथि हटेर गएको छ भन्नुभयो। विष्टले चिया उध्योगको गुनासो राज्य सरकारसित हुनै सक्छ तर समस्याको समाधान वार्ताद्वारा गरिनुपर्छ भन्नुभयो। अर्कोतिर राज्य सरकारले हिजोको बैठक अब १६ नोभेम्बरको दिन श्रमिक भवन सिलीगुड़ीमा गरिने भएको छ।

****** ० ******

**भारतीय जनता पार्टी**

पहाडको नगरपालिका चुनाव झट्ट गराउनु पर्ने माग भारतीय जनता पार्टीले राखेको छ। जिल्ला अध्यक्ष कल्याण देवानले मनोनित प्रशासकले यति लामो समयसम्म नगरपालिका चलाउनु असंवैधानिक रहेको बताउदै

कालेबुङ लगायत अन्य नगरपालिकाको चुनाव गराउन माग राखेको हो।उहाँले राजमार्गको देख रेखको जिम्मा राष्ट्रिय एजेन्सीलाई दिएकोमा खुसी ब्यक्त गर्दै राज्य सरकारको गलत नीतिको कारण विगत बर्खामा जनताले दुःख पाउनु परेको आरोप लगाउनु भएको छ।

****** ० ******

## मिरिकमा पोस्टरिंग

चिया श्रमिक सुरक्षा समितिद्वारा मिरिकमा व्यापक पोस्टरिङ गरिएको छ। पोस्टरिङपछि पत्रकारहरूलाई सम्बोधन गर्दै चिया सुरक्षा समिति प्रवक्ता रोेजेश थापाले भोट दिने श्रमिकहरूको पक्षमा जी टी चिफ अनित थापा अनि राज्यका मुख्यमन्त्रीको मौनताप्रति प्रश्न तेर्साएका छन्।

****** ० ******

## मिरिकमा व्यापक पोष्टरिङ

कोलकाता बैठकको विफलतामाथि असन्तुष्टि प्रकट गर्दै हाम्रो पार्टी मिरिक महकुमा समितिले बिहीबार मिरिकमा व्यापक पोष्टरिङ गरेर चियावारी मालिकहरुविरुद्ध कानुनी प्रक्रिया शुरु गर्ने चेताउनी दिएको छ। २० प्रतिशत चिया बोनसको मागमा अर्को वर्ष पहिलो पत्ती टिपाईअघि आन्दोलनमा ओर्लिने अडान स्पष्ट राख्दै हाम्रो पार्टी मिरिक महकुमा अध्यक्ष प्रशान्त लामाले बोनसबारे डाकिएको सभामा मालिक पक्ष उपस्थित नहुनु खेदको कुरा रहेको बताउनु भयो। उहाँले चिया श्रमिकहरूलाई यस्तो अन्याय र अत्यचार हुदाँ पनि जीटीएको सत्तामा बस्ने मौन रहनु दुर्भाग्यपूर्ण रहेको बताँउनु भयो। उहाँले हाम्रो पार्टीले आगमी बर्ष २० प्रतिशतले चिया श्रमिकहरूलाई बोनस वितरण गर्नुपर्छ भन्ने माग पहिलो चिया टिपाईको समय नै गर्नेछ भन्दै सरकारले बोलाएको सभामा मालिक पक्ष उपस्थित नहुनुमा के रहस्य लुकेको छ भनी प्रश्न गर्दै सरकार भन्दा मालिक ठूलो रहेको बताउनु भयो। उहाँले कोलकाता बैठक विफलताबारे खबर प्रकाशमा आउनसाथै मालिक पक्ष यसको दायी ठहर गर्दै दार्जीलिङमा पोस्टरिङ गरेपछि बिहीबार मिरिकमा पनि हाम्रो पार्टीद्वारा प्रतिवाद गर्दै पोष्टरिङ गरिएको बताउनु भयो।

****** ० ******

## सिविटार क्षेत्रको सुन्तला

खरसाङ खण्ड अन्तर्गत सिविटार क्षेत्रमा गत वर्षको तुलनामा केही कम सुन्तला फलेको जानकारी प्राप्त भएको छ। हरेक वर्ष खरसाङ बजारमा सिविटार क्षेत्रको सुन्तला प्रशस्तै देखिन्छ। सिविटार क्षेत्रमा यसमा सुन्तलाको सम्भावना प्रबल रहँदा पनि कृषकहरूलाई सम्बन्धित विभागबाट सहयोग भने न्यून रहेको साथै कुनै सहयोगबिना नै कृषकहरूले सुन्तला खेती गररिहेको जानकारी प्राप्त भएको छ। सुन्तला खेतीको लागि विभागीय सहयोगको आवश्यकता देखिएको छ भने सुन्तलाको खेतीमा कृषकहरूलाई सचेतनासहित सेमिनारहरू, सुन्तला उत्सव साथै एक्पर्टहरूलाई लिएर कार्य गरिन आवश्यक देखिएको छ। सिविटारको सुन्तला विषयमा सुन्तला कृषकहरू क्रमैले राजेन प्रधानए राजु राई र उत्तम छेत्रीले पत्रकारहरूसित कुराकानी गर्दै सुन्तला खेती र आय आर्जन र विभागीय सहयोग न्यून रहेको जानकारी गराउनु भएको छ ।

****** ० ******

****** ० ******